# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, माघ १९ गते, २०७९ साल (संख्या ५७

## भाग ५

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार ऐन, २०६४ को दफा ३ को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी जिल्ला कास्की साविक छिनेडाँडा गाउँ विकास समिति हाल पोखरा महानगरपालिका वडा नं. १४ स्थित पोखरा अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रले ओगटेको ३८९९ रोपनी क्षेत्रफलमा फैलिएको सम्पूर्ण क्षेत्र सहित देहाय बमोजिमको चार किल्ला भित्रको क्षेत्रलाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भन्सार क्षेत्र र देहायको बाटोलाई भन्सार क्षेत्रको बाटो  तोकेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १. भन्सार क्षेत्रः

| दिशा | भन्सार क्षेत्रको चार किल्ला |
|---|---|
| पूर्व | पोखरा महानगरपालिका वडा नं. १४ को विजयपुर खोला र सो खोलामा अवस्थित विजयपुर प्रथम जलविद्युत आयोजनासँग जोडिएको भूभाग भित्रको क्षेत्र। |
| पश्चिम | पोखरा महानगरपालिका वडा नं. १४ को काजीपोखरी खहरे खोला र सो खोला पारीको फलेपाटन भन्ने स्थान तथा सोही महानगरपालिका वडा नं. १५ सँग जोडिएको भूभाग भित्रको क्षेत्र। |
| उत्तर | पोखरा महानगरपालिका वडा नं. १४ को पृथ्वी राजमार्ग तथा हवेली मार्गसँग जोडिएको भूभाग भित्रको क्षेत्र। |
| दक्षिण | पोखरा महानगरपालिका वडा नं. १४ को भेडी फार्म, राधाकृष्ण मन्दिर हुँदै रामेश्वरी माध्यमिक विद्यालयसँग जोडिएको भूभाग भित्रको क्षेत्र। |

## २. भन्सार क्षेत्रको बाटोः

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको मुख्य भवनदेखि पृथ्वी राजमार्गको चाउथे भन्ने स्थानसँग जोडिएको बाटो।

**आज्ञाले,**
**डा. अर्जुन कुमार खड्का**
**सहसचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य** रू. ५।-
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।